**Research Journal on Multi-disciplinary Issues**
**(A Peer Reviewed Open Access Journal)**
ISSN: 2705-4594 [Print] E-ISSN 2705-4608 [Online]
Vol. 6 No.1 February 2026, pp.127-138
eJournal site: www.nepjol.info
www.jsmmc.edu.np

# काठमाण्डौ उपत्यकामा आधारित सामुदायिक तथा निजी बिद्यालयका अध्ययन-अध्यापन अभ्यासमा कोभिड-१९ ले पारेका प्रभाव सम्बन्धी तुलनात्मक अध्ययन

[१]फूल कुमारी चौधरी
[२]अरुण प्रसाद चौधरी

[1]Faculty Member
Department of Nepali
JSMM Campus Lahan, Siraha (Nepal)
[२]Faculty Member
पूर्वाञ्चल क्याम्पस,ई.अ.सं., त्रि.बि.,धरान, सुनसरी
**Email:**arunchaudhary5019@gmail.com
**Article History:**
Submitted: Nov. 15, 2025
Reviewed: January 29, 2026
Accepted: February 10, 2026
**Doi:** https://doi.org/10.3126/rjmi.v6i1.91321
© 2026 Author/s and Research Management Cell, J S Murarka Multiple Campus Lahan, Siraha, Nepal
**URL.:** www.jsmmc.edu.np
**URL:** www.nepjol.info

**लेखसार**

*कोभिड-१९ भनिने नयाँ कोरोना भाईरसको बिश्वब्यापी महामारीले मानव जीवनका हरेक पक्षमा प्रभाव पारेको देखिन्छ । स्वास्थ्य, खेलकुद, व्यापार व्यवसाय उद्योग धन्दा, कलकारखाना एवम् विशेष गरी शिक्षा क्षेत्र समेतलाई तहसनहस पारेको थियो । यस्तो अवस्थामा लगभग १९१ देशले आफ्ना विद्यालय/विश्वबिद्यालय अनिश्चित कालका लागि बन्द गर्नु परेको थियो । युनेस्कोको अनुसार नब्बे लाख नेपाली बिद्यार्थी यस महामारीबाट प्रभावित भएका थिए । यस्तो बिषम परिस्थितिमा विद्यार्थीवर्गमा मनोसामाजिक असर पर्नु स्वाभाविक हो । सामुदायिक तथा निजी बिद्यालयहरुले जुम, गुगल मिट आदि सफ्टवेयरबाट अनलाइन पढाउन शुरु गरेका थिए । अनलाइन कक्षा कतिको सहज, कक्षा कार्यभार बुझाउनु पर्ने झंझट तथा ईलेक्ट्रोनिक सामान एवम् प्रबिधिको प्रयोगमा कठिनाई यस आलेखका प्रमुख समस्या हुन् । साथै उक्त यस समस्यालाई सामुदायिक तथा निजी बिद्यालयका बिद्यार्थीहरु बिच तुलनात्मक अध्ययन गरी न्यूनीकरन गर्न सकिन्छ भन्ने मुख्य उद्देश्य हो । यस आलेखलाई मूर्तरुप दिन प्राथमिक र द्वितीयक तथ्याङ्क संकलन गरी कुल जनसंख्याबाट स्तरिकृत नमूना विधिद्वारा माईक्रोसफ्ट एक्सेलमा विश्लेषण गरिएको छ । सामुदायिक तथा निजी विद्यालय बिचको तुलना गर्दा धेरै जसो विद्यार्थीहरु अनलाइन कक्षाको पक्षमा नरहेको पाइएको छ साथै यस किसिमका कक्षाबाट विद्यार्थीमा हुने मानसिक थकान, स्क्रीन समस्या आदि सामुदायिक विद्यालयका विद्यार्थीमा बढी देखिएको छ । यस आलेखले भैपरीमा शिक्षण-सिकाई प्रभावकारी ढंगले तथा विद्यार्थी-शिक्षक र ब्यवस्थापन समितिलाई नव प्रविधिसँग सरोकार राख्न मार्ग दर्शन गर्नेछ तथा शिक्षक-विद्यार्थी बिचको क्षमता विकास, सबै स्तरका विद्यार्थीको समान पहुँच सुनिश्चित गर्ने नीति तथा मानसिक स्वास्थ्य र सामाजिक-भावनात्मक सहयोगको आवश्यक्ता निर्धारण गर्नेछ ।*

**शब्द कुन्जिका:** कोभिड-१९, लकडाउन, महामारी, मनोसामाजिक, सामुदायिक

## अध्ययनको पृष्ठभूमी

भैगोलिक क्षेत्रको ठूलो दायरा जस्तै धेरै देश वा महादेशलाई यदि कुनै रोगले ढाक्ने गर्छ र जनसंख्याको महत्वपूर्ण भागलाई असर गर्छ भने त्यसलाई महामारी भनिन्छ । (मेरियम-वेबस्टर शब्दकोष) । पहिलो चोटि सामना गरिएको संक्रमण, जुन विश्वव्यापीरुपमा फैलिने गर्छ तथा उच्च स्तरको रोग र

मृत्यु निम्त्याउँछ भने त्यसलाई महामारी भनेर सयौं वर्षदेखि वर्णन गरिएको पाईन्छ (डोहर्टी,२०१३ ई.) । विशेषरुपमा 'ब्ल्याक डेथ' नामले परिचित प्लेग महामारी जसमा ई.सं. १३४६ देखि १३५३ सम्म ७५ लाख देखि २० करोड मानिसको मृत्यु भएको थियो र युरोप, अफ्रिका तथा एसिया लगभग ध्वस्त भएका थिए (विकिपेडिया)। ई.सं.१९६८ को फ्लुको लागि जिम्मेवार एच३एन३ ईन्फ्लुएन्जा ए भाईरस संसार भरी दश लाख मान्छेको मृत्यु गराएको थियो ।

अनलाइन अध्ययन-अध्यापन इन्टरनेटमार्फत सञ्चालन गरिने शिक्षा क्षेत्रको पुरानै अभ्यास हो । यस प्रकारको दूर शिक्षालाई सामान्य भाषामा ई-लर्निङ्ग भनिन्छ । यस प्रकारको सिकाई प्रक्रियामा अनलाइन प्लेटफर्महरु मार्फत व्यक्तिहरुलाई अध्यापन गर्ने गरिन्छ (अलाटा र माईयर्स, २०२३) । हालका बर्षहरुमा अनलाइन शिक्षण र अध्ययन नेपालमा शिक्षाको महत्वपूर्ण योगदानकर्ताका रुपमा उदाएका छन् । यसले विद्यार्थी र शिक्षक दुवैका लागि नयाँ सम्भावनाहरु खोलेका छन् जसले पहिले उपलब्ध नभएका विभिन्न शैक्षिक स्रोतहरु र अवसरहरुमा पहुँच प्रदान गरेको छ (अल्काहतानी र राजखान,२०२०) ।

यसका अतिरिक्त नेपाल जस्तो देश जहाँ भौगोलिक विविधता र सीमित स्रोत साधनले गुणस्तरीय शिक्षामा पहुँचलाई प्रायः अवरुद्ध गर्छन् भने अनलाइन शिक्षण र अध्ययन विशेष रुपमा लाभदायक सावित भएका छन् । आर्थिक दृष्टिकोणले पनि अनलाइन शिक्षा प्रभावकारी देखिएको छ (दियाल र पाण्डे,२०२४)। SARC-CoV-2नेपालमा बिभिन्न देश जस्तै भारत, चीन आदि देशहरुबाट आउने पर्यटकद्वारा फैलिएको पाईएको छ (असिम,२०२०) । डब्ल्युएचओले यस SARC-CoV-2 लाई अन्तर्राट्रिय आपतकालिन स्वास्थ्य समस्या बताउँदै मार्च ११, २०२० मा माहामारी घोषणा गरेको थियो (डब्ल्युएचओ,२०२०)। जनवरी २४, २०२० (तदनुसार २०७६ माघ १०) एक ३२ बर्षीय नेपाली युवक वुहान चीनबाट फर्किदा कोरोना भाईरस नेपाल भित्रिएको पहिचान गरिएको थियो(गहतराज,२०२०)) । नेपाल सरकारले १८ मार्च २०२० (५ चैत्र २०७६ साल) मा देशभरी लकडाउनको घोषणा गरेको थियो (भट्ट र ज्ञवाली,२०२१) । लगभग बिश्वको १९१ देशले आफ्ना स्कूल कलेज र बिश्वबिद्यालय कोभिडको कारण बन्द गर्नुपरेको थियो जसले शिक्षा क्षेत्रलाई पूर्णरुपमा तहसनहस पारेको थियो (युनेस्को,२०२०)। यस्तो विषम परिस्थितिमा बिश्वका विकसित देशहरु जस्तो ईटली,जर्मनी, बेलायत, अमेरिकाले बिभिन्न किसिमका शिक्षा ब्यवस्थापन प्रणाली र क्लाउड कम्प्युटिङ्गमा आधारित सेवा सुचारु गरेका थिए । यसै गरी चीन र भारतले पनि अनलाईन मार्फत पढ़ाउन शुरु गरे । चीनले राष्ट्रिय तथा प्रान्तीय रेडियो, टेलिभिजनबाट प्रसारण शुरु गरे भने भारतले देशका बिभिन्न भाषामा प्रसारण शुरु गरेको थियो (अजि-हक र श्मीस, २०२०)। नेपालमा काठमाडौं बिश्वबिद्यालयले गुगल मिट र मुडल (का.बि.,२०२०) तथा त्रिभुवन बिश्वबिद्यालयले माईक्रोसफ्ट टिमबाट(त्रि.वि.,२०२०) साथै नेपाल सरकारले बिभिन्न मेडिया जस्तै रेडियो, टिभीबाट अनलाईन कक्षा शुरु गरे (पंडित,२०२०) । हुनत नेपाल जस्तो विकासशील देश जहाँ श्रोत साधनको कमि छ त्यो देशका लागि अनलाईन कक्षा सहज हुने कुरै हुदैन(युनेस्को,२०२०) । तैपनि ५६ प्रतिशत नेपाली जनतासँग ईन्टरनेटको सुविधा छ । ३५ प्रतिशत स्कूलसँग यसको सुविधा भएता पनि केवल १३ प्रतिशत स्कूलले मात्र अनलाईन कक्षा संचालन गरेको थियो(पंडित,२०२०) ।

**समस्या कथन र उद्देश्य निर्धारण**

कोभिड-१९ ले शिक्षा क्षेत्रलाई तहसनहस पारेको हुनाले सबै स्कूल/क्याम्पस तथा विश्वबिद्यालय बन्द भएको हुनाले बिद्याथीहरुको भविश्य अन्धकारमय बन्न पुग्यो । यस समस्याको सामाधानको लागि काठमाडौं बिश्वबिद्यालय तथा त्रिभुवन बिश्वबिद्यालयले अनलाईन कक्षा शुरु गरे । यसकै देखासिकीले बिभिन्न सामुदायिक तथा निजी बिद्यालयहरुले पनि अनलाईन शुरु गरे । अनलाईन कक्षा कतिको सहज, कक्षा कार्यभार बुझाउनु पर्ने झंझट तथा ईलेक्ट्रोनिक सामान एवम् प्रबिधिको प्रयोगमा कठिनाई यस आलेखका प्रमुख समस्या हुन् । साथै उक्त यस समस्यालाई सामुदायिक तथा निजी बिद्यालयका बिद्यार्थीहरु बिच तुलनात्मक अध्ययन गरी समाधान/न्यूनिकरन गर्न सकिन्छ भन्ने मुख्य उद्देश्य हो ।

**अध्ययनको औचित्य**

यस अध्ययनको औचित्य बिशेष गरी सामुदायिक विद्यालयका बिद्यार्थीहरु जहाँ सुबिधाको कमि हुन्छ र सुबिधा सम्पन्न निजी बिद्यालयका बिद्याथीहरु माफ्न एक तुलनात्मक अध्ययनले गर्दा कसरी प्रभावकारी ढंगले शिक्षण गर्न सकिन्छ साथै नयाँ प्रविधिसँग शिक्षक-बिद्यार्थीको अनुभव एवम् अनलाईन र भौतिक उपस्थिति बिचको कक्षाको प्रभावकारिता औचित्यपूर्ण छन् । यस आलेखले भैपरिमा कसरी शिक्षा क्षेत्रलाई आघात नहुन तयारी अवस्थामा रहन सकिन्छ भन्ने कुराको बिशेष उद्देश्यका साथ महत्वपूर्ण पक्षलाई उजागर गरेको छ ।

**अध्ययनको सीमा**

यो लेख बिशेष गरी काठमाडौं उपत्यका भित्रका सामुदायिक विद्यालय गाँधी आदर्श माध्यमिक बिद्यालय , कागेश्वरी मनोहरा र निजी विद्यालय बिनय-सुधा (भि.एस.) निकेतन सेकण्डरी स्कूलको तथ्याङ्क संकलन गरी बिश्लेषण गरिएको छ । यसको लागि कक्षा ८,९ र १० का बिद्याथीहरुलाई समेटिएको छ । पूर्वी तराई क्षेत्रमा सम्पर्क गर्दा अनलाइन कक्षा नगराइएको जानकारी पाइएकोले यस आलेखलाई काठमाडौं उपत्यका भित्र सिमित गर्नु परेको छ ।

**अध्ययन विधि**

यो अध्ययन मूलतः दुई प्रकारको तथ्याङ्कमा आधारित छ । पहिलो अर्थात प्राथमिक तथ्याङ्क जसमा सामुदायिक र निजी विद्यालयहरुमा गई तथ्याङ्क संकलन गरिएको छ र दोस्रो अर्थात द्वितीयक तथ्याङ्क जुन बिभिन्न प्रकाशित जर्नल, पत्रपत्रिका एवम् समाचार पत्रहरुबाट संकलन गरिएको छ अर्थात पुस्तकालयीय अनुसंधान विधिका द्वितीय श्रोतहरु प्रयोगमा ल्याइएका छन् । यी संकलित तथ्याङ्कलाई माईक्रोसफ्ट एक्सेलमा तथ्याङ्क विश्लेषण गरिएको छ । यसका लागि १२४ बिद्यार्थी, १० व्यवस्थापन समिति तथा २० शिक्षकलाई कुल जनसंख्याबाट स्तरिकृत नमूना विधिद्वारा छनौट गरिएको हो ।यस कार्यका लागि गान्धी आदर्श मा.वि.कागेश्वरी-मनोहरा काठमाण्डौ र विनय-सुधा(भि.एस.) निकेतन मा.वि.तीनकुने, काठमाण्डौ तथा यस विद्यालयका शिक्षक र ब्यवस्थापन समितिका सदस्यहरुलाई सामेल गराई तथ्याङ्क संकलन गरिएको छ । यस कार्यको लागि वि.स.२०८१ साल चैत्र महिनाको १२ गते देखि २५ गते भित्रमा तथ्याङ्क संकलन गरिएको छ ।

**शैद्धान्तिक आधार**

छिमेकी देशहरु जस्तै चीन, भारत तथा अन्य देशहरुबाट आएका विदेशी नागरिकहरु र नेपालका नागरिकहरुको आवागमन बढेसँगै नेपालमा SARC-CoV-2 को संक्रमण दरमा वृद्धि भएको थियो(असिम, २०२०)। SARC-CoV-2 को प्रकोपलाई विश्व स्वास्थ्य संगठनले जनवरी ३०, २०२० मा 'अन्तर्राष्ट्रिय सरोकारको सार्वजनिक स्वास्थ्य आपतकाल' घोषणा गरेपछि मार्च ११, २०२० मा यसलाई महामारी रोगको रुपमा वर्गीकृत गर्यो (डब्ल्युएचओ,२०२०) । यहाँ महामारीको डर भनेको साहित्यमा प्रायः प्रयोग हुने अवधारणाहरुको नयाँ नाम हो, जसले अज्ञात वा अनिश्चित परिस्थितिहरु अथवा महामारीको तनावलाई उजागर गर्दछ (सोर्वा र दविजा,२०२४) । जनवरी २४, २०२० मा चीनको वुहानबाट फर्किएका ३२ बर्षीय एक नेपाली युवालाई नेपालमा कोभिड-१९ महामारीको पहिलो पुष्टि भएको घटनालाई औपचारिक रुपमा पहिचान गरेको हो (चालिसे,२०२०)। कोभिड-१९ को कारण विश्वभर फैलिएको आतंकका कारण करिब ११९ देशहरु आफ्ना शैक्षिक संस्थाहरु बन्द गर्न बाध्य भएका थिए, जसले शैक्षिक प्रणालीमा गम्भीर असर पारेको थियो (विनेर एट अल.,२०२०)। युनेस्कोको प्रतिवेदन अनुसार महामारीको चपेटामा देशब्यापी बन्द लागु गरिएपछि नेपालमा करिब ९० लाख विद्यार्थीहरु प्रत्यक्षरुपमा प्रभावित भएका थिए । शैक्षिक संस्थाहरु लामो समयसम्म बन्द रहनुका कारण शिक्षा प्रणालीमा उल्लेखनीय परिवर्तन आवश्यक परेको हुनाले डिजिटल प्लेटफर्महरुको प्रयोग मार्फत टाढाबाट गरिने शिक्षण-शिकाइ अर्थात अनलाइन शिक्षामा उल्लेखनीय वृद्धि भएको थियो (दवाडी एट अल.,२०२०)।

विभिन्न देशहरुले शिक्षा क्षेत्रमा महामारीले पारेका प्रभावलाई सम्बोधन गर्न आफ्ना उपलब्ध स्रोतसाधनहरुको प्रयोग गरेका थिए । शिक्षालाई सहयोग पुर्याउन विकसित राष्ट्रहरुले विभिन्न प्रकारका लर्निङ्ग म्यानेजमेन्ट सिस्टम (LMS) तथा क्लाउड कम्प्युटिङ्गमा आधारित सेवाहरु अपनाएका थिए । त्यसैगरी चीन र भारत जस्ता जनसंख्या बढी भएका राष्ट्रहरुले पनि अनलाइन सिकाइ प्रणाली शुरु गरेका थिए । जहाँ भारतले धेरै भाषाहरुमा समान स्रोतहरु उपलब्ध गराएको थियो त्यहिँ चीनले राष्ट्रिय र प्रान्तीय स्तरका स्थल, स्रोत र सामग्रीहरु परिचालन गरेको थियो ( अजि-हक र श्मीस, २०२० ) । पूर्वाधार र प्रविधिको हिसाबले पछाडि रहेका राष्ट्रहरुले रेडियो, टेलिभिजन र अन्य प्रकारका शिक्षण माध्यमहरुको प्रयोग गरेका थिए (हग, आइलन र आचार्य,२०२५)। नेपालमा काठमाडौं विश्वबिद्यालयले कोभिड-१९ का कारण कक्षाकोठा बन्द हुँदा छिटो प्रतिकृया स्वरुप अनलाइन शिक्षणका लागि मुडल र गुगल मिट प्रयोगमा ल्याएका थिए (का.वि.,२०२०)। त्यसैगरी त्रिभुवन विश्वबिद्यालयले माईक्रोसफ्ट टिमद्वारा अनलाइन सिकाइ पद्धतीलाई निरन्तरता दिएका थिए (त्रि.वि.,२०२०)। नेपालमा विद्यालयहरुमा औपचारिक शिक्षाको बन्दले वास्तविक रुपमा कस्तो प्रभाव पारेको थियो भनी पहिचान गर्न पर्याप्त अनुसंधानको कमी भएकोले यस आलेखमा अनलाइन सर्वेक्षण, लेख समीक्षा र अन्य माध्यमहरुको प्रयोग गरी अवलोकन गर्ने प्रयास गरिएको छ । यस आलेखमा अनलाइन कक्षाहरुका चुनौतीहरुको विश्लेषण गरिएको छ र साथै नेपालका विद्यालयहरुमा कोभिड-१९ ले पारेको प्रभावलाई न्यूनीकरण गर्न केहि रणनीतिहरु प्रस्ताव गरिएको छ ।

***विद्यार्थीवर्गमा परेको असर***

विद्यार्थीहरुले आफ्नो अध्ययन तथा गृहकार्यमा सबैभन्दा बढी अवरोध भोग्नु परेको थियो । एसइई परीक्षाको समयमा धेरै जसो विद्यार्थीहरु अन्यौल र चिन्तामा देखिन्थे (दवाडी एट अल.,२०२०) । धेरै परीक्षाहरुको तालिका फेरिए जसले गर्दा विद्यार्थीवर्गमा चिन्ता थपिनु र अन्यौलता सिर्जना हुनु स्वाभाविक देखिन्छ । अतिरिक्त कृयाकलाप नहुनु चिन्ताको विषय बनेको थियो । सामान्यतया विद्यार्थीहरुले भौतिक कक्षाकोठामा आफ्ना सामाजिक, भावनात्मक र संज्ञानात्मक सीपहरु विकास गर्ने गर्छन् तर यस संकट अवधिमा समयतालिकाका कारण उनिहरुको कडा दैनिक जीवनशैली अव्यवस्थित भएको पाइयो (पान,२०२१)। विद्यालय बन्द भएको प्रभाव सबै बालबालिकाका लागि विशेष रुपमा चुनौतीपूर्ण भएको थियो, जहाँ विपन्न परिवारका विद्यार्थीहरुले सबैभन्दा ठूलो कठिनाइ भोग्नुपरेको थियो । उनीहरुले स्पष्टरुपमा सिकाइमा पछाडि पर्ने अनुभव गरेका थिए र आफ्नो शिक्षाबाट बाहिरिनुपर्ने जोखिम पनि बढेको महसुस गरेका थिए (कमरुज्जमन एट अल, २०२४) ।

***शिक्षकवर्गमा परेको असर***

शिक्षकहरुले सामना गरेको मुख्य कठिनाइ भनेको भर्चुअल वातावरणमा शिक्षण प्रक्रिया संचालन गर्नु थियो । प्रविधिसँग अवगत हुनु एक मौका पनि थियो भने सिक्नको लागि स्रोत साधन जुटाउनु र साथै सिक्न सक्ने क्षमता राख्नु पनि कठिन काम थियो । छोटो समयमै धेरै शैक्षिक संस्थाहरुले प्रशिक्षण सत्र, शिक्षक अभिमुखीकरण कार्यक्रमहरु आयोजना गरी नयाँ विधिहरु कार्यान्वयन गर्न शिक्षकहरुलाई सहयोग गरेको थियो । यसले शिक्षकहरुलाई प्रविधिमा दक्ष बन्न प्रेरित गरेको थियो । तैपनि उनिहरुको गृहकार्य दिनु वा जाँच गर्नु , विद्यार्थी उपस्थित रहेको/नरहेको एक समस्या नै थियो (पान, २०२१) ।

***शिक्षा क्षेत्रमा परेको नकारात्मक असरहरु***

शिक्षा क्षेत्र कोभिड-१९ ले गर्दा नराम्रो तरिकाले प्रभावित भएको थियो । यहाँ केहि असरहरु प्रस्तुत गरिएका छन् ।

१.परीक्षाको तालिका बारम्बार फेरियो साथै कक्षा र नयाँ भर्ना कार्य पूर्णरुपमा ठप्प परेको थियो ।

२. केहि समयका लागि अनलाइन कक्षा पनि अन्यौलतामै सिमित रहेको थियो ।

३. प्रयोगशाला भएका विषयको पठन-पाठन हुन सकेन (दियाल र पाण्डे, २०२४) ।

४. पास भएका विद्यार्थीहरु पनि बिभिन्न परीक्षा तथा जागिरका अवसरबाट बञ्चित थिए।

५. धेरै जसो शिक्षकहरुले शुरुमा युट्यूब, जुमबाट कक्षा संचालन गरेका थिए।

६. धेरै जसो अभिभावकहरु आफ्ना विद्यार्थी प्रति ध्यान दिन सकेका थिएनन्(बाजपेयी,२०१९)।

***शिक्षा क्षेत्रमा परेको सकारात्मक असरहरु***

कोभिड-१९ले नकारात्मक असर मात्र हैन सकारात्मक असर पनि पारेको देखिन्छ।

१. यसले गर्दा विद्यार्थी एवम् शिक्षकवर्ग नयाँ प्रविधिसँग परिचित हुने अवसर पाएको छ।

२. विद्यार्थीले राम्रो तरिकाले समय व्यवस्थापन गरेको देखिन्छ।

३. अनलाइन कक्षाले गर्दा बिद्यार्थीवर्गले विश्वका अरु शिक्षकसँग पनि सिक्न सक्ने देखियो (दियाल र पाण्डे, २०२४)।

४. प्रविधिको प्रयोगले हरेक बिषयवस्तुसँग राम्ररी अवगत हुने अवसर मिलेको पाइयो (बाजपेयी,२०१९)।

**नतिजा विश्लेषण**

कोभिड-१९ का क्रममा सबै शैक्षिक संस्थाहरुले अनलाइन माध्यममार्फत शिक्षा प्रदान गर्न आफ्ना रणनीतिहरु अनुकुल बनाउन प्रयास गरेका थिए। त्यसैले यसका लागि भि.एस.निकेतन र गान्धी आदर्श मा.वि.का बिद्यार्थीहरु तथा शिक्षक-कर्मचारीहरु बिच अन्तवार्ता लिइएको हो।

**तुलनात्मक अध्ययन**

तुलनात्मक अध्ययनले दुई भिन्न किसिमका, विभिन्न वातावरणमा समानता वा असमानता सम्बन्धी कुरालाई प्रष्ट पार्दछ। यसले गर्दा महत्वपूर्ण कुराहरुको ब्याख्या वा विश्लेषण गर्न मद्दत पुग्छ।

***लिङ्ग (महिला/पुरुष विद्यार्थी)***

अहिलेको समयमा शिक्षाको अधिकार महिला पुरुष दुबैलाई बराबर छ। त्यसैले कोभिड-१९ले सबैलाई असर पार्न सक्ने हुनाले सरकारी एवम् निजी विद्यालयमा उपस्थित सबै विद्यार्थीहरु माफ यो सर्वेक्षण गरिएको छ।

**तालिका १**

*लिङ्ग ((महिला/पुरुष विद्यार्थी)*

| | पुरुष (%) | महिला (%) | जम्मा (%) |
|---|---|---|---|
| विद्यार्थीहरुको लिङ्ग (महिला/पुरुष) | ५४ (४३.५५%) | ७० (५६.४५%) | १२४ (१००%) |

(स्रोत : फिल्ड सर्भे, २०८१)

माथिका तालिकाबाट महिला विद्यार्थीको संख्या बढी रहेको पाइएको छ। महिला, पुरुष रथका दुई पाङ्ग्रा रहेको समाजमा महिला शिक्षाको क्षेत्रमा अघि आउनु स्वावाभिक छ। पुरुषको संदर्भमा अहिलेको समयमा नपढने ब्यवहार लागु भएको देखिन्छ। बिशेष गरी सानै उमेरमा कुलतमा फस्ने तथा विद्यालय नजाने प्रवृति बढेको देख्न सकिन्छ।

***कक्षा तथा उमेर समूह***

१२४ जना विद्यार्थीहरु कक्षा ८,९र १० बाट लिइएको थियो र उमेर समूह अन्तर्गत १३ देखि १६ बर्ष मुनिका विद्यार्थीहरुलाई समेटिएको थियो।

**तालिका २**

*कक्षा तथा उमेर समूह*

| चर | श्रेणी | संख्या | प्रतिशत | औसत | िवचलन | मानक विचलन |
|---|---|---|---|---|---|---|
| उमेर | १३-१४<br>१४-१५<br>१५-१६ | ३८<br>३०<br>५६ | ३०.६५<br>२४.१९<br>४५.१६ | १४.६५ | ०.७४ | ०.८६ |
| कक्षा | ८<br>९<br>१० | ४६<br>४०<br>३८ | ३७.०९<br>३२.२६<br>३०.६५ | ४१.३३ | ११.५६ | ३.४ |

(स्रोत : फिल्ड सर्भे, २०८१)

माथिका तालिकाबाट उमेर समूह अन्तर्गत १३ देखि १६ बर्षका विद्यार्थीहरु सामेल भएको देखिन्छ। सबै भन्दा बढी १५ देखि १६ बर्षका विद्यार्थीहरु सामेल भएको छ। साथै मानक विचलन ०.८६ रहेको छ। ८,९ र १० कक्षाका विद्यार्थीहरु सामेल भएको यस सर्वेक्षणमा सबै भन्दा बढी कक्षा ८ का विद्यार्थी देखिएका छन्। यसका मानक विचलन ३.४ छ। तर उमेर समूह १५-१६ बढी छ र कक्षा ८का विद्यार्थी बढी संख्याले के देखाउँछ भने कक्षा ८ मा बढी उमेरका विद्यार्थीको उपस्थिति छ।

***भर्चुअल संचार माध्यमका प्रकार***

लकडाउनको वेला बिभिन्न प्रकारका भर्चुअल संचार माध्यम प्रयोगमा ल्याइएको थियो जस्तै रेडियो, टिभी, ईन्टरनेट। टिभी र ईन्टरनेट दृष्यश्रवणकोलागि प्रयोग हुन्छ भने रेडियो केवल सून्नका लागि मात्र। त्यसैले रेडियोद्वारा पढाइनु एक चुनौतीपूर्ण थियो।

**तालिका ३**

*भर्चुअल संचार माध्यमका प्रकार*

| | ईन्टरनेट(%) | रेडियो (%) | टिभी(%) | कुनै पनि हैन(%) |
|---|---|---|---|---|
| सामुदायिक विद्यालयका विद्यार्थी | ९३.९४ | ... | ६.०६ | ... |
| निजी विद्यालयका विद्यार्थी | ९६.९७ | ... | ... | ३.०३ |

(स्रोत : फिल्ड सर्भे, २०८१)

तालिका ३ बाट प्राप्त जानकारी अनुसार सामुदायिक र निजी विद्यालयका विद्यार्थीसँग ईनटरनेटको पहुँच लगभग समान रहेको देखाउँछ। ६.०६ प्रतिशत सामुदायिक विद्यालयका विद्यार्थी टिभी प्रयोग गरेको देखियो भने ३.०३ प्रतिशत निजी विद्यालयका विद्यार्थीले कुनै पनि माध्यमबाट पढाई गरेको देखिएन। यसले सबै विद्यार्थीहरु सूचना प्रविधिबाट बञ्चित नरहेको कुरा प्रष्ट पार्दछ।

***सिकाइको स्तर***

लकडाउनको कारणले गर्दा विद्यार्थीहरुलाई अनलाइन पढनु परेको हुनाले सिकाई प्रकृयामा फरक आउनु स्वभाविक हो। सिकाईको स्तर भौतिक उपसिथितिमा विद्यार्थीको लगनशीलता, शिक्षकको सिकाउने तरिका तथा ब्यवहारमा निर्भर रहन्छ साथै विद्यार्थी र शिक्षक बिचको सामन्जस्यतामा पनि भर पर्छ। शिक्षकले कक्षा-कोठामा डुलेर पढाउँदा साथै विद्यार्थीसँग समन्वय गरेर पढाउँदा विद्यार्थीहरु राम्ररी बुझेको देख्न सकिन्छ। तलको तालिकाले अनलाइन कक्षा मार्फत विद्यार्थीको सिकाइको स्तर देखाइएको छ।

**तालिका ४**

*सिकाइको स्तर*

| | एकदम राम्रो(%) | राम्रो (%) | संतोषजनक(%) | नराम्रो(%) |
|---|---|---|---|---|
| सामदायिक विद्यालयका विद्यार्थी | ३.२२ | ६४.५१ | ३२.२५ | ०.०२ |
| निजी विद्यालयका विद्यार्थी | १९.३५ | ५१.६१ | २५.८० | ३.२२ |

(स्रोत : फिल्ड सर्भे, २०८१)

तालिका ४ ले देखाए अनुसार एकदम राम्रोमा ३.२२ प्रतिशत सामुदायिक विद्यालयका विद्यार्थी र १९.३५ प्रतिशत निजी विद्यालयका विद्यार्थी देखिएका छन। त्यसैगरी राम्रोमा ६४.५१ प्रतिशत सामुदायिक विद्यालयका विद्यार्थी र ५१.६१ प्रतिशत निजी विद्यालयका विद्यार्थी देखिएका छन। संतोषजनकमा पनि सामुदायिक विद्यालयका विद्यार्थीको प्रतिशत बढी छ। निजी विद्यालयका बिद्यार्थीहरुका सिकाइ स्तर सामुदायिक विद्यालयका बिद्यार्थीको भन्दा राम्रो देखिएता पनि तुलनात्मकरुपमा सामुदायिक विद्यालयका विद्यार्थीको सिकाई स्तर राम्रो छ। यसका कारण निजी विद्यालयका बिद्यार्थीहरु प्रविधिसँग बढी जानकार भएको तर सामुदायिक विद्यालयका बिद्यार्थीहरु अध्ययनशील देखिएकोले औषतमा राम्रा छन्।

***गृहकार्य पूरा गर्ने सहजता***

अनलाइन कक्षाहरुले सहजता, स्रोतहरुमा निरन्तर पहुँच, तथा शिक्षकसँगको राम्रो संचारजस्ता धेरै फाइदाहरु प्रदान गर्छ जसले गृहकार्य गर्न सजिलो बनाउँछ तर भौतिक कक्षाको तुलनामा यो सँधै सहज हुदैन । विशेषगरी गणितीय रेखाचित्र बनाउन, गणित, विज्ञान तथा स्वास्थ्य विषयका समस्याहरु समाधान गरी गृहकार्य बुझाउन कठिन हुन्छ ।

**तालिका ५**

*गृहकार्य पूरा गर्ने सहजता*

| | एकदम राम्रो(%) | राम्रो (%) | संतोषजनक(%) | सहज छैन(%) |
|---|---|---|---|---|
| सामुदायिक विद्यालयका विद्यार्थी | ६.४६ | ४५.१६ | ३५.४८ | १२.९ |
| निजी विद्यालयका विद्यार्थी | २५.८० | ५४.८४ | १२.९ | ६.४५ |

(स्रोत : फिल्ड सर्भे, २०८१)

तालिका ५ ले देखाएको आँकडा अनुसार निजी विद्यालयका विद्यार्थीहरु अनलाइन माध्यमद्वारा गृहकार्य पूरा गर्न बढी सहज देखिएका छन् । एकदम राम्रोमा २५.८० प्रतिशत निजी विद्यालयबाट केवल ६.४६ प्रतिशत सामुदायिक विद्यालयबाट देखिन्छ । राम्रोमा ५४.८४ प्रतिशत निजी विद्यालयबाट केवल ४५.१६ प्रतिशत सामुदायिक विद्यालयबाट देखिन्छ । तर संतोषजनकमा ३५.४८ प्रतिशत सामुदायिक विद्यालयबाट र १२.९ प्रतिशत निजी विद्यालयबाट देखिन्छ । समग्रमा भन्नु पर्दा निजी विद्यालयको विद्यार्थीको गृहकार्य गर्ने सहजता सामुदायिक विद्यालयको विद्यार्थी भन्दा राम्रो छ । यसका कारण निजी विद्यालयका बिद्यार्थीहरु सामुदायिक विद्यालयका बिद्यार्थीहरु भन्दा प्रविधिसँग बढी सरोकार राख्ने गरेको प्रष्ट हुन्छ ।

***अनलाइन कक्षा तुलनामा भौतिक कक्षाको प्रभावकारिता***

अनलाइन र भौतिक कक्षाको तुलना गर्दा प्रत्येक बिद्यार्थीको सोचाईमा, पाठ्यक्रमको प्रकृति तथा शैक्षिक सामग्री सम्प्रेषणमा भर पर्ने कुरा हो । भौतिक कक्षामा विद्यार्थीको शिक्षकसँग प्रत्यक्ष साक्षात्कार हुन्छ तथा आँखा थकित हुने समस्या हुदैन । श्रवण समस्या, प्रश्न सोध्न सक्ने समस्या हुँदैन तर अनलाइन कक्षामा शिक्षकको प्रत्यक्ष संलग्नता भएतापनि विद्यार्थीको संलग्नता नहुन पनि सक्छ ।

**तालिका ६**

*भौतिक कक्षाको तुलनामा अनलाइन कक्षाको प्रभावकारिता*

| | एकदम राम्रो(%) | राम्रो (%) | संतोषजनक(%) | प्रभावकारी छैन(%) |
|---|---|---|---|---|
| सामुदायिकविद्यालयका विद्यार्थी | १९.३५ | १६.१५ | २५.८० | ३८.७ |
| निजी विद्यालयका विद्यार्थी | ३.२२ | ५१.६१ | २९.० | १६.१२ |

(स्रोत : फिल्ड सर्भे, २०८१)

तालिका ६ अनुसार मिश्रित जवाफ आएपनि सामुदायिक विद्यालयका विद्यार्थीले ३८.७ प्रतिशत मत प्रभावकारी छैनमा दिएको देखिन्छ । बिशेषरुपले सामुदायिक विद्यालयका विद्यार्थीहरुको अनुसार भौतिक कक्षाको तुलनामा अनलाइन कक्षाको प्रभावकारिता कम रहेको देखिन्छ । यसका कारण हुनसक्छ प्रत्यक्ष अन्तरक्रिया नहुनु, स्क्रिन थकान, प्रेरणा र उत्तरदायित्वको कमी, ध्यान केन्द्रित गर्न कठिनाई, परीक्षा र गृहकार्यको समस्या ।

***विद्यार्थीहरुको मानसिक स्वास्थ्यको अवस्था***

तनाव, चिन्ता, स्ट्रेस जस्ता मानसिक अवस्थाले सिकाइ प्रक्रियालाई असर गर्छ । राम्रो स्वास्थ्यले राम्रो सिकाइ तर्फ डोऱ्याउन सक्छ । जहाँ कोरोनाको डर व्याप्त छ र परिस्थितिले कसैलाई दिनभर बसिरहन वाध्य बनाउँछ भने त्यहाँ तनाव अपरिहार्य हुन्छ । त्यसैले विद्यार्थीवर्गमा व्याप्त तनावको बिचमा गरिएको अनलाइन कक्षालाई यहाँ प्रस्तुत गरिएको छ ।

**तालिका ७**

*विद्यार्थीहरुको मानसिक स्वास्थ्यको अवस्था*

| | एकदम राम्रो(%) | राम्रो (%) | ठीकठीकै(%) | खराब(%) |
|---|---|---|---|---|
| सामुदायिक विद्यालयका विद्यार्थी | ३२.२५ | ५८.०६ | ९.६७ | ०.०२ |
| निजी विद्यालयका विद्यार्थी | २५.८ | ४५.१६ | २२.५८ | ६.४५ |

(स्रोत : फिल्ड सर्भे.२०८१) २०८१)

तालिका ७ बाट निजी विद्यालयका विद्यार्थीको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीको मानसिक स्वास्थ्य राम्रो रहेको देखिन्छ । एकदम राम्रोमा ३२.२५ प्रतिशत सामुदायिक विद्यालयका विद्यार्थी र २५.८ प्रतिशत निजी विद्यालयका विद्यालयका विद्यार्थीको मानसिक स्वास्थ्य थियो भने राम्रोमा ५८.०६ प्रतिशत सामुदायिक विद्यालयका विद्यार्थी र ४५.१६ प्रतिशत निजी विद्यालयका विद्यालयका विद्यार्थीको मानसिक स्वास्थ्य थियो । धेरै कम अर्थात ६.४५ प्रतिशत निजी विद्यालयका विद्यार्थीहरुको अवस्था खराब रहेको पाइएको थियो । यसको कारण विद्यार्थीहरुले अत्यधिक तनाव लिएकोले स्वास्थ्य समस्या निम्तिएको थियो । अर्थात निजी विद्यालयका विद्यार्थीलाई पढनु पर्ने दवाब धेरै भएकोले पनि मानसिक स्वास्थ्य खराब भएको हुन सक्छ । तर सामुदायिक विद्यालयका विद्यार्थीको पढनु पर्ने, गृहकार्य गर्नु पर्ने दवाब कम रहेको हुनाले मानसिक स्वास्थ्य खराब नरहेको पाइएको छ ।

***अनलाइन कक्षामा सहजता***

अनलाइन कक्षामा घरमै बसेर अध्ययन गर्नु पर्दा धेरै जसो बिद्यार्थीलाई सहज हुन सक्छ तर गृहकार्यको पनि धेरै भार नहुने, कक्षामा जस्तो औपचारिक पोशाकमा उपस्थित हुन नपर्ने आदि कारणले गर्दा अनलाइन कक्षा सहज हुन सक्छ तर प्रविधिको प्रयोग, ईन्टरनेटको गतिका कारण कक्षा सहज नहुन पनि सक्छ । अनलाइन कक्षामा शिक्षकले पढाएका, बोलेका कुरा ईन्टरनेटको गतिका कारण प्रष्ट नहुन पनि सक्छ । कहिलेकाँहि बत्ती गएपछि अनलाइन कक्षा अवरुद्ध हुन सक्छ र शिक्षकले पढाएका कुराहरु प्राप्त नहुन सक्छ । यदि ईन्टरनेटको गति सहि छ भने सबैको एकनासको नहुन पनि सक्छ । यसैलाई आधार मानेर यहाँ अनलाइन कक्षाको सहजता प्रस्तुत गरिएको छ ।

**तालिका ८**

*अनलाइन कक्षामा सहजता*

| | एकदम सहज(%) | सहज(%) | ठीकठीकै(%) | असहज (%) |
|---|---|---|---|---|
| सामुदायिक विद्यालयका विद्यार्थी | १९.३७ | ३५.४८ | १६.१५ | २९ |
| निजी विद्यालयका विद्यार्थी | ४१.९३ | ३२.२७ | २५.८ | ० |

(स्रोत : फिल्ड सर्भे,२०८१)

माथिका तालिका ८ बाट सामुदायिक विद्यालयका विद्यार्थीहरु बढी असहज देखिन्छ । यसका कारण विद्यार्थीहरुमा आमने-सामने कक्षा सिकाइ नहुनु, कम्प्युटरको स्क्रीनमा हेर्दा आँखाको समस्या निम्तिनु तथा आँखा थकित हुनु, साथीभाईहरुसँग खेल्न नपाउनु साथै गृहकार्य गर्नमा असहज परिस्थिति सिर्जना हुनुले गर्दा धेरै जसो सामुदायिक विद्यालयका विद्यार्थीहरु अनलाइन कक्षा प्रति असहजता देखाएका छन् । यसै सन्दर्भमा निजी विद्यालयका विद्यार्थीहरुको अनलाइन कक्षा बढी सहज देखिएको छ । यसमा विद्यार्थीको सहज पहुँच तथा बत्ती गएपनि ईन्भर्टरको प्रयोग गरिएको पाइएको थियो जसमा अभिभावकको अहम् भूमिका थियो । अर्थात विद्यार्थीलाई कुनै प्रकारले असहज नहोस् भनेर व्यवस्थापन गरेको पाइयो ।

***ईलेक्ट्रोनिक उपकरणसँग सहजता***

आजकल धेरै जसो विद्यार्थीहरु ईलेक्ट्रोनिक उपकरणसँग धेरै सहज भएको देख्न सकिन्छ । मोबाईल, ल्यापटप आदिको प्रयोग विना विद्यार्थी पढन पनि रुचाउँदैन । शिक्षकवर्गले पनि विद्यार्थीहरुलाई गृहकार्य दिँदा ह्वाट्सएपमा दिएको पाइएको छ । आजकल विद्यार्थीहरु अनलाइन च्याटमा शिक्षकसँग

प्रश्न उत्तर खोजेको पाइन्छ । तर पनि यसका अत्यधिक उपयोगले केहि असहज परिस्थिति निम्त्याउन सक्छ। यसैलाई लिएर तल उल्लेख गरिएको छ।

**तालिका ९**

*ईलेक्ट्रोनिक उपकरणसँग सहजता*

| | एकदम सहज(%) | सहज(%) | ठीकठीकै(%) | असहज (%) |
|---|---|---|---|---|
| सामुदायिक विद्यालयका विद्यार्थी | ३२.२५ | ३५.१५ | १६.१५ | ६.४५ |
| निजी विद्यालयका विद्यार्थी | ५४.८४ | २५.८ | १९.३६ | ० |

(स्रोत : फिल्ड सर्भे,२०८१)

तालिका ९ अनुसार सामुदायिक विद्यालयका विद्यार्थी भन्दा निजी विद्यालयका विद्यार्थी बढि सहज भएको देखिएको छ । यो सबै विद्यार्थीको सोचाई, बानी परेको काम आदिमा भर पर्ने कुरा हो त्यसैले निजी विद्यालयका विद्यार्थीहरु बढि सहज देखिएका छन् तर सामुदायिक विद्यालयका विद्यार्थीहरुले आँखा थकित हुनु, साथीभाईहरुसँग खेल्न नपाउनु साथै गृहकार्य गर्नमा असहज परिस्थिति सिर्जना हुनुले गर्दा धेरै जसो अनलाइन कक्षा प्रति असहजता देखाइएको छ।

***शिक्षकवर्गको राय***

शिक्षण प्रक्रियामा महत्वपूर्ण भूमिका खेलेका शिक्षकहरुले नयाँ प्रविधि, शिक्षण विधि, भर्चुअल कक्षाकोठा वातावरणमा अनुकुलन गर्नु पर्दा चुनौती थपिएकै हो। यस चुनौतीले सिक्ने अवसर पनि प्रदान गरेको छ। शिक्षकवर्गले जुम, गुगल मिट, माइक्रोसफ्ट टिम आदिसँग अवगत हुने अवसर प्राप्त गरेका थिए। हाम्रो जस्तो विकासशील देशमा प्रविधिको पहुँच धेरै कम मात्रामा रहेको, ईन्टरनेटको गति सुस्त रहेको आदिले गर्दा शिक्षकवर्ग पनि प्रविधिको पहुँचबाट टाढा रहेको प्रष्ट छ । यसका लागि २० जना शिक्षकहरुलाई समावेश गरिएको थियो । जसमा १० जना (महिला/पुरुष) निजी विद्यालयबाट र १० जना महिला/पुरुष) सामुदायिक विद्यालयबाट लिइएको थियो ।

**तालिका १०**

*शिक्षकवर्गको राय*

| परिवर्ती | श्रेणी | आवृति | प्रतिशत |
|---|---|---|---|
| कोभिड-१९ अघि अनलाइन कक्षासँग परिचित हुने स्थिति | हो | ६ | ३० |
| | होईन | १४ | ७० |
| शिक्षण प्लेटफर्मको प्रयोग | जुम | १० | ५० |
| | गुगल मिट | ६ | ३० |
| | माइक्रोसफ्ट टिम | ३ | १५ |
| | अन्य | १ | ५ |
| अनलाइन र भौतिक कक्षाको प्रभावकारिता | अनलाइन कक्षा | २ | १० |
| | भौतिक कक्षा | १८ | ९० |

(स्रोत : फिल्ड सर्भे,२०८१)

तालिका ५ बाट धेरै जसो शिक्षक कोभिड-१९ भन्दा पहिला अनलाइन कक्षासँग परिचित थिएन साथै ५० प्रतिशत शिक्षकले जुम प्रयोगमा ल्याएका थिए । ३० प्रतिशत गुगल मिट, १५ प्रतिशत माइक्रोसफ्ट टिम र ५ प्रतिशतमा फ्यूज मेसिन प्रयोग गरेको देखिन्छ ।अधिकांश शिक्षक अर्थात ९० प्रतिशतले भौतिक कक्षा नै प्रभावकारी रहेको दावी गरेको देखिन्छ । भौतिक कक्षामा विद्यार्थीहरुसँग अन्तरक्रिया गर्न सजिलो हुन्छ, गृहकार्य दिन/जाँच गर्न सजिलो हुन्छ तथा स्क्रीन थकाई पनि नहुने भएकोले भौतिक कक्षा सहज र प्रभाववकारी हुन्छ भन्ने राय देखियो ।

***व्यवस्थापन समितिको राय***

विद्यालय व्यवस्थापन समितिका प्रभावकारिता उनीहरुको सहकार्य गर्ने क्षमता, समुदायसँग प्रभावकारी रुपमा समन्वय गर्ने क्षमता, तथा बिद्यार्थीहरुको समग्र विकासमा केन्द्रित दृष्टिकोणमा निर्भर गर्दछ । बिद्यार्थीहरु शैक्षिक, सामाजिक तथा भावनात्मक रुपमा सफल हुन सकून् भन्ने वातावरण निर्माण गर्न यी निकायहरुको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ । यसका लागि १० जना प्रधानाध्यापक, संचालक समिति तथा समन्वयकर्तालाई समावेश गरिएको थियो । जस अन्तर्गत ५ जना (महिला/पुरुष) निजी विद्यालयबाट र ५ जना (महिला/पुरुष) सामुदायिक विद्यालयबाट समावेश गरिएको थियो ।

**तालिका ११**

*व्यवस्थापन समितिको राय*

| परिवर्ती | श्रेणी | आवृति | प्रतिशत |
|---|---|---|---|
| कोभिड-१९ भन्दा पहिले अनलाइन कक्षा संचालन | गरेको | ० | ० |
| | नगरेको | १० | १०० |
| अनलाइन कक्षा /भौतिक कक्षाको प्रभावकारिता | अनलाइन कक्षा | १ | १० |
| | भौतिक कक्षा | ९ | ९० |

(स्रोत : फिल्ड सर्भे,२०८१)

तालिका ६ बाट व्यवस्थापन समितिको राय अनुसार कोभिड भन्दा पहिला कुनै अनलाइन कक्षा नगराइएको तथा प्रभावकारिताको सवालमा ९० प्रतिशतले भौतिक कक्षा प्रभावकारी रहेको भनी राय प्रस्तुत गरेको देखिन्छ । ब्यस्थापन समितिहरुले पनि विद्यार्थीहरुको भौतिक उपस्थितिलाई सकारात्मकरुपमा लिएको हुनाले अनलाइन कक्षालाई भौतिक कक्षाको तुलनामा कम प्रभावकारी ठान्नु सान्दर्भिक देखिन्छ । उनीहरुका अनुसार भौतिक कक्षामा विद्यार्थीको अवस्थावारे ज्ञात हुन्छ तर अनलाइन कक्षामा विद्यार्थी उपस्थित भएको/नभएको, बुझेको/नबुझेको थाहा पाउन मुश्किल हुन्छ । त्यसैले भौतिक कक्षाको विकल्प अनलाइन कक्षा हुन सक्दैन भने राय ब्यक्त गरेका छन् ।

**निष्कर्ष**

यस अध्ययनले कोभिड-१९ महामारीको समयमा नेपालको शिक्षा क्षेत्र बिशेषत: विद्यालय स्तरमा पारेको प्रभावलाई परिस्थितिजन्य विश्लेषण गरेको छ र निजी तथा सरकारी विद्यालय बिचको तुलनात्मक अध्ययनले एक विस्तृत असरबारे खुलासा गरेको छ । विद्यार्थीहरु मध्ये बढी प्रतिशत महिला विद्यार्थीको रहेको देखिन्छ । यस महामारीले विद्यालय शिक्षामा पारेको प्रभावको तुलनात्मक विश्लेषण गरेको छ, विद्यालय बन्द हुँदा उत्पन्न भएका केही चुनौतीहरु औल्याएको छ तथा ती प्रभावहरुको व्यवस्थापनका लागि केही प्रतिक्रिया र सुझाव दिएको छ । अधिकांश विद्यार्थीहरुको तथा शिक्षकको प्रविधिमा पहुँच नदेखिएकोले यस संकटकालले प्रविधिसँग अवगत हुने अवसर प्रदान गरेको छ । नेपाल सरकारले आफ्नो शिक्षा मन्त्रालय अन्तर्गत ई-शिक्षा पोर्टल शुरु गरेको देखिनु सुखद कुरा हो । अब आवश्यक कुरा भनेको भैपरीलाई दृष्टिगत गर्दै राष्ट्रिय स्तरमा पाठ्यक्रम अनुसार पाठहरु, ई-पुस्तकहरु तथा अन्य शिक्षण सामग्रीहरुले सुसज्जित गर्नु पर्ने देखिन्छ । कोभिडका केहि सकारात्मक र केहि नकारात्मक असरहरुबारे उल्लेख गरिएको छ जुन समय सान्दर्भिक देखिन्छ ।

निष्कर्षमा, कोभिड-१९ महामारीले शैक्षिक क्षेत्रमा महत्वपूर्ण अवरोधहरु सिर्जना गरेको भए पनि यसले शैक्षिक परिदृष्यमा सकारात्मक परिवर्तनहरुलाई पनि उत्प्रेरित गरेको छ । यस अनुभवले विद्यालयहरुलाई भविश्यका चुनौतीहरुको सामना गर्न प्रविधिद्धारा सुसज्जित बनाईएको छ । यस अवधिमा सिकिएका पाठहरुले सामुदायिक र निजी विद्यालय दुबैमा शैक्षिक अभ्यासहरुलाई निरन्तर रुपमा रुपान्तरण र सुधार गर्नेछ । केहि सुझावहरु अन्तर्गत सरकारी तथा निजी विद्यालयहरुले डिजिटल पूर्वाधार, बिभिन्न समयमा शिक्षक-कर्मचारीहरुको तालिमको व्यवस्था, पाठ्यक्रम अनुकुलन, अभिभावकको

जिम्मेवारी, शिक्षामा समान अवसर तथा संकटकाल व्यवस्थापनको तयारीले गर्दा भैपरीमा कसरी व्यव्सथापन गर्न सकिन्छ भन्नेको जानकारी दिएर तयारी अवस्थामा रहन सिकाएको छ ।

***संदर्भसूची***


Allatta, J., & Myers, P. (2023, May 13). *You shouldn't be the only one talking in your digital classroom*. Harvard Business School Publishing.

Asim, M., Shrestha, R., Karki, S., & Thapa, S. (2020). COVID-19 pandemic: Public health implications in Nepal. *Nepal Journal of Epidemiology, 10*(1), 817–820. https://doi.org/10.3126/nje.v10i1.28269

Azzi-Huck, K., & Shmis, T. (2020). *Managing the impact of COVID-19 on education systems around the world: How countries are preparing, coping, and planning for recovery.* World Bank Blogs.

Bajpai, N., Bibermann, J., & Y. Y. (2019). *ICT for education: Lessons from China*. Centre for Sustainable Development.

Bhatta, P., & Gyawalli, S. (2021). Can online learning in Nepal outlive the COVID19 pandemic? *Online Learning in Nepal, 2*.

Chalise H.N. (2020) COVID-19 situation in Nepal, Arch. *Ment. Health, 4*(1), pp 033-034 doi:10.29328/journal.apmh.1001015.

Csorba, L. M., & Dabija, D.-C. (2024). The impact of the COVID-19 pandemic on students' future online education behaviour. *Heliyon, 10,* e39560. https://doi.org/10.1016/j.heliyon.2024.e39560

Dawadi, S., Giri, R., & Simkhada, P. (2020). Impact of COVID-19 on the education sector in Nepal: Challenges and coping strategies. *SAGE Preprints.* https://doi.org/10.31124/advance.12344336.v1

Diyal, S. B., & Pandey, R. (2024). Virtual teaching and learning activities in the schools during COVID-19 period: Use and effectiveness. *Innovative Research Journal, 3*(1). https://doi.org/10.3126/irj.v3i1.71031

Gahatraj, K. (2020). *COVID-19 and its impact on persons with disabilities in Nepal.*

Haug, M., Aasland, A., & Acharya, B. (2025). School responses to Covid-19 and inclusive education in Nepal. *Forum for Development Studies, 52*(3), 1–19. https://doi.org/10.1080/08039410.2025.2502341

Kamrujjaman, M., Sinje, S. S., Nandi, T. R., Islam, F., Rahman, M. A., Akhi, A. A., Tasnim, F., & Alam, M. S. (2024). The impact of the COVID-19 pandemic on education in Bangladesh and its mitigation. *Bulletin of Biomathematics, 2*(1), 57–84. https://doi.org/10.59292/bulletinbiomath.2024003

Kathmandu University, Guidelines for Online Teaching and Learning, 2020.http://soe.kusoed.edu.np/guidlines-for-online-teaching-and-learning/ (accessed jun. 19, 2020)

Pan S, (2021), Impact of COVID-19 lockdown on Higher education system in India, *IJMER, 10*(6),8.

Pandit, S. (2020). Sankatma nirantar sikai. *Gorkhaparta* (07 May). https://gorkhapatraonline.com/education/2020-05-06-13805.

Peter C Doherty, 2013, Pandemics: What everyone needs to know?

DOI:10.1093/wentk/9780199898107.001.0001

Tiwari, P. (2021), COVID-19 and *online learning in rural China: Challenges, impacts, and Opportunities (57). Edusanjal*. http://edusanjal.com/news/notice-regarding-online-education-tribhuvan-university/ (accessed Jun. 19,2020)

UNESCO (2020): *COVID-19: Impact on Education*. *UNESCO*,

Viner R.M., et al., (2020) School closure and Management practices during coronavirus outbreaks including COVID-19: a rapid systematic review, Lancer Child Adolesc. *Health, 4* (5), 397-404.
Doi: 10.1016/S2352-4642(20)30095-X.